pathao

सस्पेण्ड समेत हुने गरि अब उप्रान्त दुवै व्यवस्था कायम हुने गरि व्यवस्था गर्ने हार्दिक जानकारी गराउँदछौं । साथै, शुरुदेखि हालसम्मको सस्पेण्डमा परेको राइडरको संख्या जम्मा ५५ को हाराहारीमा रहेको हुँदा ७५,००० राईडर भित्रका जिम्मेवार, इमान्दार र सहयोगी राइडर साथीहरुको साख गिर्न नदिने प्रयोजनको लागि पनि हामी सस्पेण्डको व्यवस्था कायम राख्न बाध्यरहेको जानकारी गराउँदछौं ।

अन्त्यमा, यस पठाओ नेपाल नविन सोचका साथ कार्य गर्ने कम्पनी भएकोले सम्वद्ध सबैको सरोकारलाई महत्वपूर्ण रुपमा लिने गर्दछ । यसभन्दा पहिले पनि राईडर/चालक साथीहरुले आफ्नो सरोकारहरुको बारेमा कम्पनीलाई जानकारी गराउदै आएको र कम्पनीले आफ्नो क्षमताले भ्याएसम्म सम्बोधन गरि सुधार गर्दै आएको स्पष्ट छ, जस्को ठूलो उदाहरणको रुपमा हामी बिमा गर्न, Toll Free Call को व्यवस्था गर्न सफल हुनुलाई लिन सक्दछौं । तर, पटक पटक राईडरहरु अनावश्यक रुपमा एकठाँउमा जम्मा हुँदा अरुले गलत रुपमा लिइ असमझदारी बढ्ने देखिएकोले गर्दा राईडरहरुले भिडभाड गर्नु भन्दा आ-आफ्नो कार्य नियमित रुपमा गर्ने तथा कुनैपनि बेला अरु कसैले बाधा व्यवधान सृजना गरेमा वा कानून विपरित कार्य गरेमा संयमित भई कानूनबमोजिम नै सम्वन्धित निकाय तथा प्रहरी प्रशासन मार्फत कारवाहीको पहल गर्नु उपयुक्त हुनुका साथै यस्तो अवस्थामा यस पठाओ नेपाल समेत सदा झैं तपाईहरुको साथमा रहने छ । तसर्थ कानून विपरितको कार्यमा संलग्न नहुन र कसैले केही गरेमा कानूनबमोजिम नै सदा झैं अनुशासित र संयमित रुपमा कारवाही गर्न गराउन संयुक्त रुपमा नै पहल गर्ने तथा हाम्रो सेवालाई अझ परिस्कृत गरि अगाडि बढन सबैलाई अनुरोध गर्दछौं । साथै, ग्राहक नै हामी सबैको आधार भएको हुँदा र राईडर साथीहरु यस पठाओ नेपालको कर्मचारीहरु नभई आफूखुशी कार्य गर्ने स्वेच्छिक रोजगारीमा रहेको हुँदा तपाईहरुले आफूले मन लागेको बेलामा सेवा प्रवाह गर्ने वा नगर्ने गर्न पाउने नै देखिन्छ । तर, यस प्रक्रियामा हामीसंग आवद्ध राईडर साथीहरुको रोजगारी नै एप चलाई सेवा लिने ग्राहकहरुमा निर्भर हुने भएकोले यस कम्पनीले बाध्य भएर ग्राहक तथा एप चलाई सेवा लिने व्यक्तिहरु र निजहरुको चाहनालाई पहिलो प्राथमिकतामा राखि हेर्नुपर्ने भएकोले ग्राहकहरुलाई हुने कुनैपनि असुविधा प्रति हामी कसैले पनि सहानुभूति राख्न सक्दैनौ ।

अन्तिममा हाम्रो PATHAO एप्लिकेशनमा आवद्ध भई सहयोग पुऱ्याउनु हुने सबै राईडर साथीहरु र अन्य सेवाग्राही सर्वसाधारणहरुलाई धन्यवाद ज्ञापन गर्दै निरन्तर सहयोगको अपेक्षासहित हार्दिक आभार प्रकट गर्दछौं ।

पठाओ नेपाल प्राइभेट लिमिटेड
Pathao Nepal Private Limited

असिममान सिंह बस्न्यात,
क्षेत्रिय निर्देशक
पठाओ नेपाल प्रा.लि.

**Pathao Nepal Pvt. Ltd**
Address : Nava Srijana Marga-10, Mid Baneshwor, Kathmandu Nepal